जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक ८९ • २०८२ माघ ६ गते मंगलवार • 20 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## वरिष्ठ नेता बालेन साहद्वारा मैथिली भाषामा भावनात्मक सन्देशसहित सम्बोधन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ माघ**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सोमबार जनकपुरधाममा आयोजना गरेको 'परिवर्तनको उदघोष' सभामा पार्टीका वरिष्ठ नेता बालेन साहले मैथिली भाषामा भावनात्मक सन्देशसहित सम्बोधन गरेका छन् । भाषणको शुरुवातमै 'नमस्कार ! केना कि है त ?' भन्दै प्रश्न उठाएका बालेनले विश्वकै सबैभन्दा प्रसिद्ध विवाह जनकपुरधाममै हुँदै गर्दा डेस्टिनेशन वेडिङका लागि बाहिर किन जाने ? भनेर आक्रोश व्यक्त गरे । उनले जानकी माताको महिमा र जनकपुरधामको सम्भावनालाई जोड दिँदै जानकी माताको एक्लै क्षमताले करोडौं पर्यटक भित्र्याउन सक्ने दाबी गरे ।

बालेनले मधेशमा पहिलोपटक सबै जात-समुदायका मानिसहरू एकै ठाउँमा जुटेको उल्लेख गर्दै देशको विकास भनेको सबै जात र समुदायको समान विकास हुनुपर्ने बताए । उनले प्रदेशलाई अझ मजबुत बनाउनुपर्नेमा जोड दिए । काठमाडौं केन्द्रित राजनीतिप्रति कटाक्ष गर्दै उनले भने, 'अधिकार माग्न काठमाडौं जानु पर्दैन, पशुपति घुम्न जानुस ।'

काठमाडौंमा दैनिक रूपमा उखु किसान र मिटरब्याज पीडितको आन्दोलन चलिरहेको स्मरण गराउँदै आफू प्रधानमन्त्री बने ती समस्या समाधान गर्ने दाबी पनि गरे । समाजवादको व्याख्या गर्दै बालेनले भने, 'विद्यार्थीले कलेजमा निःशुल्क पढ्न पाउनु,



अस्पतालमा निःशुल्क उपचार पाउनु नै समाजवाद हो ।' यस्तो व्यवस्था सबै प्रदेश र पालिकामा आवश्यक रहेको उनको भनाइ थियो । आफ्नो राजनीतिक अवस्थाबारे खुल्दै उनले भने, 'पहिलोपटक भाषण यसकारण दिँदैछु कि अब म मेयरबाट राजीनामा दिएर फुर्सदमा छु ।' उनले मधेशी प्रधानमन्त्री बन्नकै लागि नभई सही सरकार बनाउन घण्टी चिन्हमा मत आवश्यक रहेको बताए ।

## आगामी निर्वाचनमा रास्वपालाई मतदानका लागि आह्वान

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ माघ**

काठमाडौँ महानगर पालिकाका निवर्तमान प्रमुख एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहले काठमाडौँलाई अधिकार माग्ने नभई घुम्ने ठाउँको संज्ञा दिएका छन् । मधेस प्रदेशको जनकपुरधाममा आयोजित रास्वपाको विशाल जनसभालाई सम्बोधन गर्दै शाहले मधेसको अधिकार, समाजवादको आफ्नै व्याख्या र आगामी निर्वाचनमा रास्वपालाई मतदानका लागि आह्वान गरेका हुन् । शाहले आफ्नो भाषणको सुरुवातमा नै काठमाडौँ अधिकार माग्न आउने ठाउँ नभई घुम्न जाने ठाउँ भएको बताए । यस क्रममा उनले उखु किसानको आन्दोलनलाई जोड्दै मधेसले अधिकार नपाएको विषयलाई समेत उठाए । प्रदेश सरकारले प्रमुख प्रशासकीय अधिकृत फेर्न नसक्ने र त्यसका लागि काठमाडौँ धाउनुपर्ने अवस्थाको प्रसङ्ग निकाल्दै उनले अधिकारको प्रत्याभूतिका लागि वर्तमान प्रणालीमा रहेका चुनौतीहरूबारे बताए ।

बालेन्द्र शाहले काठमाडौँमा आफूले २० हजारभन्दा बढी विद्यार्थीलाई पढाएको र १० प्रतिशत बिरामीलाई निःशुल्क उपचार गराइएको कार्यलाई समाजवादको उदाहरणका रूपमा प्रस्तुत गरे ।

## २५औं सशस्त्र प्रहरी दिवस (रजत महोत्सव) को अवसरमा QIP परियोजनाको उद्घाटन तथा हस्तान्तरण

**मोहम्मद इर्शाद**
**महोत्तरी, ५ माघ**

२५औं सशस्त्र प्रहरी दिवस अर्थात् रजत महोत्सवको विशेष अवसरलाई लक्षित गर्दै सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हे.क्वा. महोत्तरीद्वारा सञ्चालन गरिएको त्क्षए (Quick Impact Project) अन्तर्गत परिक्रमा गाछीस्थित चापाकलको उद्घाटन तथा हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको प्रारम्भ राष्ट्रिय धुन बजाएर गरिएको थियो । समुदायको तत्काल आवश्यकतालाई मध्यनजर गर्दै छोटो समयमा कार्यान्वयन गरिने विकास परियोजनाका रूपमा QIP सञ्चालन गरिँदै आएको छ । QIP (Quick Impact Project) अन्तर्गत प्रभावकारी पूर्वाधार निर्माण, आधारभूत सेवा प्रवाह तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी स्थानीय समुदायको जीवनस्तरमा छिटो र प्रत्यक्ष प्रभाव पार्ने उद्देश्य राखिएको छ ।

यसअघि सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हे.क्वा. महोत्तरीले QIP अन्तर्गत वि.सं. २०८० माघ ५ गते एकडारा गाउँपालिका वडा नं. ... स्थित हलखोरीमा प्रतिक्षालय निर्माण गरी हस्तान्तरण गरिसकेको छ भने वि.सं. २०८१ माघ २ गते मनरा-शिसवा नगरपालिका वडा नं. २ स्थित भोल्हीमा निर्माण



गरिएको प्रतिक्षालय पनि सफलतापूर्वक हस्तान्तरण गरिसकेको छ । उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथिका रूपमा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल साथै सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हे.क्वा. महोत्तरीका गणपति सशस्त्र प्रहरी उपरीक्षक शेर बहादुर अधिकारी, विभिन्न वडाका वडा अध्यक्षहरू, वरिष्ठ तथा कनिष्ठ अधिकृतहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि मन्डलले QIP परियोजनाले स्थानीय समुदायको दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्दै सशस्त्र प्रहरी बलको सामाजिक उत्तरदायित्व र समुदाय-सुरक्षा साझेदारीलाई थप सुदृढ बनाउने बताए ।








## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खश्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

**यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

## चुनावमा जनताले न्याय गर्नुपर्छ

*चुनावमा जनताले न्याय गर्ने हो भने राजनीतिमा लागेका जनप्रतिनिधिले सेवा गर्ने रहेको देखिन्छ । जनसेवा नगर्ने प्रतिनिधिलाई जनताले नै बदल्ने देखिन्छ । अब यो सिद्धान्त अवलम्बन गर्नु आवश्यक रहेको देखिन्छ । जेनजीहरूले देश र जनताको हितका निम्ति आन्दोलन घोषणा गरेको देखिन्छ । यही निहुँमा कलिला बालबालिका या जेनजीले सहादत प्राप्त गरेको देखिन्छ । ती कलिला बालबालिकाको ज्यानमा तातो गोली बर्साइयो । यही रगतको मूल्यमा तत्कालीन सरकार ढल्यो । देशका सबै निकाय निष्क्रिय भए । यही नेपालको संविधान अनुसार हालको सरकारले सपथ खाएर कार्य गरिरहेको देखिन्छ । निर्वाचन दुई वर्षयता सरेर फागुन २१ मा हुँदैछ । सबै कुराको निर्णय अब निर्वाचनबाटै तय हुने देखिन्छ । यसका मालिक जनता नै रहेका छन । अब उनीहरूले विवेक प्रयोग गर्नु पर्ने देखिन्छ । निर्वाचन धाँधली जनताले आफैं गरेबाहेक दलले र सरकारले गर्नै सक्दैन । किनकि यो दलीय व्यवस्था रहेको देखिन्छ । दलका कार्यकर्ता वडा वडा वा टोल टोलमा रहेको देखिन्छ । प्राय: सबै स्थापित दलका कार्यकर्ता सक्रिय छ । यस्तो अवस्थामा सरकार वा सत्ताले धाँधली गर्नै सक्दैन । कहीँ कतै गरे पनि स्वत: बाहिर फैलिन्छ । तसर्थ मुख्य निर्णायक मतदाता नै हुन् । चुनाव हारजित सामान्य नतिजा रहेको देखिन्छ । प्रक्रिया र सिद्धान्त ठुलो कुरा छ । कुन दलको के सिद्धान्त छ ? कुन दलका व्यक्ति इमानमा अडेका छन् यो मसिनु गरी हेरिनु आवश्यक रहेको देखिन्छ ।*

# निर्वाचन आचारसंहिता, २०८२ बारे जानकारी दिँदै सर्वपक्षीय छलफल

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ माघ**



प्रतिनिधि सभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्य सहित मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबार धनुषाको मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आचारसंहिता, २०८२ बारे जानकारी दिँदै सर्वपक्षीय छलफल गरेको छ ।

छलफलमा धनुषाका मुख्य निर्वाचन अधिकृत सुभाषबाबु पुरीले निर्वाचनको समयमा उम्मेदवार, राजनीतिक दल, सुरक्षाकर्मी र सञ्चारकर्मीले पालना गर्नुपर्ने आचारसंहिताको विषयमा सहभागीलाई जानकारी गराउनुभएको थियो । उहाँले प्रचारप्रसारका क्रममा भारतीय नम्बर प्लेटका गाडी प्रयोगमा निर्वाचन आचारसंहिताले रोक लगाएकोबारे सबैमा जानकारी गराउनुभएको थियो ।

छलफलमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले धनुषामा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सुरक्षाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिनुभयो । उहाँले सुरक्षाका लागि चार वटै सुरक्षा निकाय परिचालन हुने भन्दै निर्वाचन सुरक्षाका लागि पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेना रहने बताउनुभयो । उहाँले धनुषामा निर्वाचन सञ्चालन व्यवस्थापनका लागि चाहिने सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला निर्वाचन कमान्ड पोस्ट खडा गरिएको जानकारी दिँदै निर्वाचनका लागि चार हजार ५२७ जना निर्वाचन प्रहरी चयनका काम पनि सोमबारबाट सुरु हुने बताउनुभयो । उहाँले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सुरक्षाका कुनै कसर बाँकी नराख्ने बताउनुभयो । उहाँले कहीँ कतै शान्ति भङ्ग हुने अवस्था आए १० मिनेटभित्र सुरक्षाकर्मीको टोली परिचालन भई नियन्त्रण गर्ने किसिमले व्यवस्था मिलाइएकोबारे जानकारी गराउनुभयो । छलफलमा सहभागी विभिन्न दलका प्रतिनिधिले निर्वाचनका सम्बन्धमा बुझ्न चाहेका विषयवस्तुबारे मुख्य निर्वाचन अधिकृत पुरीसँग जानकारी लिनुभएको थियो ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# सिंहद्वारा प्रदेशसभा सदस्य पदबाट राजीनामा



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ माघ**

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिनु भएको छ । जनकपुरधामस्थित मधेश प्रदेशसभा कार्यालयमा प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पूर्वमुख्यमन्त्री सिंहले राजीनामा पत्र बुझाउनु भएको हो ।

मधेश प्रदेशसभाको प्रदेशसभा सचिवालयमा पेस गरिएको राजीनामा पत्रमा उहाँले नेपालको संविधान २०७२ को धारा १८० (क) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८४ (१) बमोजिम प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको उल्लेख गर्नु भएको छ । जनमत पार्टीबाट सप्तरीको प्रदेशसभा निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित सिंहले आजैदेखि लागु हुने गरी राजीनामा दिनु भएको हो ।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: पिछडेको साथी मिल्ने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: लामो यात्राको योग छ
कुम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ह्याक भयो इरानको सरकारी टेलिभिजन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ माघ**



ह्याकरहरूले इरानको सरकारी टेलिभिजनको स्याटेलाइट प्रसारण अवरुद्ध गर्दै देशका निर्वासित युवराज रेजा पहलवीलाई समर्थन गर्ने तथा सुरक्षा फौजलाई 'जनतामाथि हतियार नउठाउन' आग्रह गर्ने सन्देश प्रसारण गरेका छन्। सोमबार बिहान अनलाइनमा देखिएको यो अवरोध राष्ट्रव्यापी विरोध प्रदर्शनपछि भएको पछिल्लो ठूलो साइबर आक्रमण हो।

कार्यकर्ताहरूका अनुसार प्रदर्शन दबाउन सुरक्षा निकायले गरेको कारबाहीमा हालसम्म कम्तीमा तीन हजार ९१९ जनाको मृत्यु भइसकेको छ। सरकारले इन्टरनेट बन्द गरे पनि देशभित्रबाट सूचना बाहिर आइरहेकाले मृतकको सङ्ख्या अझ बढ्न सक्ने चिन्ता व्यक्त गरिएको छ। यसैबीच, शान्तिपूर्ण प्रदर्शनकारीको हत्या र प्रदर्शनको बहानामा सामूहिक मृत्युदण्ड लागू गर्नु अस्वीकार्य भएको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुईवटा ननाघ्नुपर्ने सीमा (लक्ष्मण रेखा) तोकेपछि अमेरिका-इरानबीचको तनाव थप चर्किएको छ। केही दिनअघि दक्षिण चीन सागरमा रहेको एक अमेरिकी विमान वाहक सिङ्गापुरको मलक्का जलडमरूमध्य प्रवेश गरेको छ, जसले त्यसलाई मध्यपूर्वतर्फ लैजान सक्ने मार्गमा राखेको देखिन्छ।

# शिल्पा शेट्टीका श्रीमान् राज कुन्द्रामाथि मुद्दा चल्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ माघ**



बलिउड अभिनेत्री शिल्पा शेट्टीको श्रीमान् राज कुन्द्रमाथि मुद्दा चल्ने भएको छ। बिट्क्वाइन घोटाला मामिलामा निर्माता एवम् अभिनेतासमेत रहेका कुन्द्राको नाममा मुम्बईस्थित सम्पत्ति शुद्धीकरण अदालतले समन जारी गरेको छ।

प्रवर्तन निदेशालय (ईडी)को तर्फबाट दायर भएको उजुरीलाई संज्ञानमा लिँदै अदालतले यो कदम चालेको हो। यो मुद्दामा दुबईमा रहँदै आएका व्यापारी राजेश सतीजाको नाममा पनि समन जारी गरिएको छ। दुवै जनालाई अदालतमा उपस्थित हुन आदेश दिइएको छ। ईडीले सेप्टेम्बर २०२५ मा यस मुद्दामा पूरक आरोपपत्र दायर गरेको थियो। यसमा राज कुन्द्रा र राजेश सतीजालाई आरोपी बनाइएको छ। यो मुद्दा कुख्यात गेन बिटक्वाइन पोन्जी घोटालासँग जोडिएको छ। अनुसन्धान एजेन्सीका अनुसार यस घोटालाका मास्टरमाइन्ड र प्रवर्द्धन अमित भारद्वाजले युक्रेनमा बिटक्वाइन खानी फार्म स्थापना गर्न राज कुन्द्रालाई २८५ वटा बिटक्वाइन दिएका थिए।

तर यो परियोजना पूरा भएन। राज कुन्द्रासँग अझै पनि यी २८५ बिटक्वाइनहरू भएको ईडीको दाबी छ। अहिले यसको मूल्य १५० करोड रुपैयाँभन्दा बढी भएको अनुमान गरिएको छ।

# देशैभर मंगलबार एकैपटक प्रतिनिधि सभाको उम्मेदवारी दर्ता हुने, तयारी पूरा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ माघ**




आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्न तयारी पूरा भएको छ। देशभरका ८८ मुख्य निर्वाचन अधिकृतका कार्यालय र ८८ निर्वाचन अधिकृतका कार्यालयमा सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ।

मुलुकभरका १६५ वटै निर्वाचन अधिकृतका कार्यालयमा उम्मेदवारको नाम मतदाता नामावलीमा छ, छैन भनी रुजु गर्न आवश्यक सामग्री पुगिसकेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिए। उनले यसपटक आयोगले आचारसंहितामै उल्लेख गरेर उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरेको र उक्त विवरण खामबन्दी गरी बुझाउनुपर्ने बताए। "आचार संहिता पालना गर्छु, कानूनले अयोग्य ठहराएमा उम्मेदवारी रद्द हुँदा पनि मञ्जुर छ, निर्वाचन कानून सम्बन्धी सबै व्यवस्थाको पालना गर्छु, जस्ता विषय उम्मेदवारले स्वघोषणामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ", सहायक प्रवक्ता जिसीले भने। उम्मेदवारीसँगै १३ प्रकारका कागजात पेस गर्नुपर्नेः उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने व्यवस्था थरिएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि यही मङ्गलबार हुने मनोनयनपत्र दर्ता गर्दा उम्मेदवारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

उम्मेदवारी दिँदा सङ्घीय, प्रदेश वा स्थानीय सरकार तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनै तहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उनले सुनाए। उम्मेदवारले प्रतिनिधि तोकी मनोनयन पत्र दर्ता गर्ने भएमा प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नुपर्नेछ।

# राहुललाई डीएन्डडी एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ माघ**



डीएन्डडी एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि राहुल विश्वकर्माले जितेका छन्। राहुलले दोस्रो तथा अन्तिम राउन्डमा ४-अन्डर ६६ को उत्कृष्ट कार्डकासाथ समग्रमा २-अन्डर १ सय ३८ स्कोर गरे।

उनले प्रकृत तामाङ र सुन्दर राईलाई ९ स्ट्रोकको फराकिलो अन्तरले पछि पार्दै उपाधि जितेका हुन्। च्याम्पियन राहुलले नगद ५० हजार प्राप्त गरे। नेपाली एमेच्योर गल्फरले कुनैपनि प्रतियोगितामा नगद पुरस्कार प्राप्त गरेको पहिलो पटक हो। प्रकृत र सुन्दर राईले समग्रमा ७-ओभर १ सय ४७ को नतिजा निकाले। काउन्ट ब्याकमा प्रकृत दोस्रो भएका हुन्। प्रकृतले आज ३-अन्डर ६७ को स्कोर बनाए। उनले ३० हजार प्राप्त गरे। तेस्रो भएका सुन्दरले आज ४-ओभर ७४ को प्रदर्शन गरे। उनले २४ हजार प्राप्त गरे। राम तामाङले ३-ओभर ७३ खेलेर कुल ८-ओभर १४८ सहित चौथो स्थान हासिल गरे। उनले २० हजार रुपैयाँ प्राप्त गरे। राजेश राईले ४-ओभर ७४ खेलेर १४९ स्कोर सहित पाँचौं स्थानमा रहे। उनले १६ हजार नगद पुरस्कार पाए। सुमन भुजेल (७३), गजेन्द्र लिम्बु (७७) र पदम हाङ लिम्बु (७५) ले समान १ सय ५१ स्कोर गरे।

काउन्ट ब्याकमा सुमन छैटौं, गजेन्द्र सातौं र पदम आठौं भए। उनीहरूले क्रमश १४ हजार, १३ हजार र १२ हजार पाए। दीपेन्द्र राई (७४) र देउ कुमार राई (७६) ले समान १२-ओभर १ सय ५२ स्कोर गरेसँगै काउन्ट ब्याकमा नवौ र दशौं भए। उनीहरूले क्रमशः ११ हजार र १० हजार नगद पुरस्कार प्राप्त गरे।






# ओली-प्रचण्डको दम्भ, देउवाको दुःखान्त

-नियमित ज्वारभाटा

नेपाली राजनीतिको स्थायी चरित्र भएको छ। द्वन्द्वका अनेक प्लट हुँदै अघि बढ्ने धेरैजसो कथा, उपन्यास र सिनेमाको 'क्लाइमेक्स' प्रायः संयोगान्त हुन्छ, तर राजनीतिक वास्तविकता बडो निर्मम हुन्छ। जम्ला हात जोड्दै आफ्नो पटांगिनीमा भेला हुने अनुचरहरूबाहेक दुनियाँको वेग, बहाव र भाषाबाट बेखबर शेरबहादुर देउवा अहिले 'होइन, मेरो कम्मरको खुकुरी कुन हुस्सुले लग्यो हँ ?' भन्दै झस्किएका छन्।

पाँच पटक प्रधानमन्त्री भइसकेका उनले जम्मा गरेका साथीभाइ उनका सारथि होइनन्, बोझ भइसकेका थिए। 'तपाईंको विकल्प कोही छैन' भन्दै देउवालाई जोताइरहन उनीहरूले 'इकोचेम्बर' बनाएका थिए जसमा अहिले भवितव्य आइलागेको छ। योभन्दा उन्नत राजनीतिक अवसान स्वयं देउवालाई पनि स्वीकार्य थिएन। त्यसैले त २८ असोजमा कांग्रेसको केन्द्रीय समितिलाई सम्बोधन गरेर बिदा भएका उनी ३० पुसको पात्र बन्न सक्रिय राजनीतिमा फर्किएका हुन्। कांग्रेसका नवनिर्वाचित सभापति गगन थापाले देउवाले पनि विगतमा विद्रोह गरेको भन्दै उनलाई बेलाबेला फकाउने गरेको देखिन्छ। यो शिष्टाचार थापाको रणनीति होला, तर इतिहासले त्यो विशेषणलाई समर्थन गर्दैन। तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालासँग 'विद्रोह' होइन, 'विवाद' गरेर पार्टी विभाजन गराउँदा देउवा देशको प्रधानमन्त्रीका रूपमा सत्ताको केन्द्रमा थिए, तत्कालीन राजा ज्ञानेन्द्रको विश्वासपात्र बन्न उद्यत थिए। तथ्य के भन्छ भने माओवादी द्वन्द्वको व्यवस्थापन वार्ताबाट होइन, संकटकाल लम्ब्याएर हुन्छ भन्ने प्रधानमन्त्री देउवालाई उनको दल कांग्रेसले उक्त प्रस्ताव संसद्बाट फिर्ता लिन 'अल्टिमेटम' दिएको थियो। ८ जेठ २०५९ मा कांग्रसले निर्णय गरेकै राति प्रधानमन्त्री देउवा नारायणहिटी दरबार छिरे र जननिर्वाचित प्रतिनिधिसभा विघटन गर्न राजालाई सिफारिस चढाए। राजा ज्ञानेन्द्रले त्यही घडी पर्खिएका थिए, उनले मध्यरातमा संसद् विघटन गरिदिए, तर चार महिनापछि देउवालाई पनि 'अक्षम' भन्दै प्रधानमन्त्रीबाट बर्खास्त गरेर सरकार अब आफ्नो हुकुममा चल्ने बन्दोबस्त मिलाए। शक्तिका आशक्त ज्ञानेन्द्रलाई पृष्ठपोषण गर्न भएको त्यो विभाजनलाई विद्रोह भन्ने हो भने इतिहासका दर्जनौं विद्रोहको अवमूल्यन हुनेछ।

कांग्रेस नेतृत्वमा यसपालि अनुहार परिवर्तन मात्र होइन, जबर्जस्त क्रम भंग भएको छ। ८६ वर्षका गिरिजाप्रसाद कोइरालाको उत्तराधिकारीका रूपमा ७९ वर्षको उमेरमा सुशील कोइराला र उनको उत्तराधिकारीका रूपमा ७० वर्षको उमेरमा शेरबहादुर देउवा सभापति भएका थिए। अहिले पनि ८० वर्ष नाघेका देउवाको उत्तराधिकारी ७६ वर्षका शेखर कोइरालालाई बनाउन सके कांग्रेसमा परिवर्तनका सन्देश जान्छ भन्दै वार्ताहरू भइरहेका थिए। तर शेखर कोइरालाले त्यति पनि हिम्मत नगर्दा कांग्रेसको एउटा सिंगो पुस्ता विस्थापनको डिलमा पुगेको छ। एउटा सम्झौता नगरेको घडीसम्म बीपी कोइराला, गणेशमान सिंह र महेन्द्रनारायण निधिका छोराछोरी र भाइभतिजा नेपाली कांग्रेसको साधारण सदस्यसमेत छैनन्। अरू कसैले परिकल्पना नगरेको यो विडम्बना सिर्जना गर्ने गति र मति उनीहरू स्वयंकै हो। आफ्ना पिता र काकाहरूको नामले नै सात पुस्तालाई पुग्छ भन्ने मनोविज्ञान बीपी, गणेशमान र निधिको विचार, दर्शन र समर्पणको अवमूल्यन थियो। तर, आफ्ना पुर्खाको भरमा शेखर वा शशांक, प्रकाशमान वा विमलेन्द्रले कांग्रेसमा उपभोग गरिरहेको अधिकारको अभ्यास ठीक त्यस्तै हो, जस्तो पृथ्वीनारायण शाहको तस्बिर राखेर शासन गर्न खोज्ने ज्ञानेन्द्रको अभिलाषा थियो।

आज भंग भएको उनीहरूको सपना पदको मात्र होइन, वंशवादी मानसिकताको पनि हो। कांग्रेस नेतृत्वमा भएको जबर्जस्त पुस्तान्तरणले नेपाली राजनीतिमा एउटा अध्याय त थपेको छ, तर समूल परिवर्तनका लागि अनेक अवरोध छन्। खासगरी नेपालका प्रमुख वामपन्थी पार्टीमा नेतृत्वको तह दहजस्तै जमेर बसेको छ। एमालेका केपी शर्मा ओली, अहिले नेकपा बनाएका पुष्पकमल दाहाल चार दशकदेखि पार्टीको शीर्ष नेतृत्वमा छन्। निसंकोच भन्न सकिन्छ, नेपालका कम्युनिस्ट मुखियाहरू खासमा नयाँ भेरियन्टका सामन्त हुन्, छद्म सामन्तहरू परम्परागत सामन्त भन्दा घातक हुन्छन्।

उनीहरूलाई आलोचना गर्ने कार्यकर्ता होइन, काखमा लुटपुटिने 'छोराछोरी' र अर्चना गर्ने अनुयायी चाहिन्छ। काखमै हुर्किएका दुर्गा प्रसाईंजस्ता नातिहरूले गर्धनसम्म हात पुऱ्याउँदा पनि चेतना नआएपछि उनीहरू फेरि चक्रे मिलनजस्ता पात्रको खोजीमा भौंतारिन्छन्। दुर्भाग्य, नेताहरूको यस्तै अपूरो प्रेम कहानीमा देशको सपना अधुरो बनिरहेको छ। नेपालका राजनीतिक मठाधीशहरूले अयोग्यतालाई नै 'योग्यता' मानेर नेता/कार्यकर्तालाई पुरस्कृत गर्दै आएका छन्।

साभार : कान्तिपुर।




## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फ्लू, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क व्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढने, कार्बन मोनोक्साईडको मात्रा शरिरमा बढने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ.
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ बिशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
मिथिला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश






प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday